नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८०/०८१ अङ्क-५ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७३ (पूर्णाङ्क २७८)

## संस्थागत साझेदारीमा ब्रेल पाठ्यपुस्तक छपाइ तथा वितरण गर्ने कार्यका लागि प्राविधिक एवं आर्थिक प्रस्ताव पेस गर्ने सम्बन्धी सूचना

यस केन्द्रद्वारा आ. व. ०८०।८१ का लागि आवश्यक पर्ने विद्यालय तह (कक्षा १ देखि १० सम्म र ११ र १२ को अनिवार्य विषय) का ब्रेल पाठ्यपुस्तक यस केन्द्रमा सूचीकृत भएका संस्थाहरूबाट संस्थागत लागत साझेदारीमा छपाइ तथा वितरणको कार्य गराउनुपर्ने भएकोले सूचीकृत संस्थाबाट प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्ने निर्णय भएकोले देहायका विषय समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिनको कार्यालय समयभित्र प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा–छुट्टै सिलबन्दी गरी पुनः एउटै खाममा सिलबन्दी गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। म्यादभित्र प्राप्त नभएका प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै प्राविधिक प्रस्ताव मूल्याङ्कनमा न्यूनतम योग्यता पुगेका प्रस्ताव दाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ।

१. **ब्रेल पाठ्यपुस्तकको स्पेसिफिकेसन :**
   - क) पेपरको प्रकार र गुणस्तर : १४० GSM को पर्चमेन्ट
   - ख) पुस्तकको लम्बाइ चौडाइ : लम्बाइ ११.५ इन्च र चौडाइ ११ इन्च
   - ग) अक्षरको साइज : Braille Standard Size (ब्रेलमा अक्षर नभइकन इम्बोसको डट मात्र हुने भएको हुँदा अक्षरको साइज समान वा एउटै हुनुपर्नेछ)।
   - घ) पेपर खोप्ने वा डट गर्ने मेसिनको गुणस्तर : अन्तर्राष्ट्रिय स्तरको हुनुपर्नेछ।
   - ङ) पुस्तकको बाइन्डिङको अवस्था (हाई ब्रान्डिङ) ३१० GSM फाइलबोर्ड (कडा कभर) प्लास्टिक लेमिनेसन सहित पेपर फोल्डिङ गरी धागोले सिलाइ बाइन्डिङ गर्नुपर्नेछ।

२. **प्राविधिक प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात**
   - क) कम्पनी वा संस्था दर्ता प्रमाणपत्र (नवीकरण समेत),
   - ख) स्थायी लेखा नं. दर्ता प्रमाणपत्र,
   - ग) कर चुक्ता गरेको प्रमाणपत्र समेत वा कर नलाग्ने भएमा सोको प्रमाणपत्र,
   - घ) ब्रेल पाठ्यपुस्तक छपाइ सम्बन्धी अनुभवका कागजात,
   - ङ) ब्रेल पाठ्यपुस्तक छपाइका लागि जनशक्ति विवरण (नियमित वा करार समेत उल्लेख गर्ने)
   - च) ब्रेल पाठ्यपुस्तक छपाइ एवं उत्पादन ब्रेलो (ब्रेल छापाखाना) को व्यवस्था एवं उत्पादन क्षमता,
   - छ) ब्रेल पाठ्यपुस्तक उत्पादन एवं वितरण गर्न लाग्ने अनुमानित समय,
   - ज) ब्रेल पाठ्यपुस्तक वितरण गर्ने आधार सहितको कार्ययोजना,
   - झ) दृष्टिविहीन विद्यार्थीहरूको हातमा पाठ्यपुस्तक पुगेको सुनिश्चितताका लागि अनुगमन सयन्त्र एवं सोको रिपोर्टिङको व्यवस्था।

३. **आर्थिक प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजात**
   - क) प्रतिकक्षाको सेट लागत दररेट, छपाइ तथा वितरण समेत – (कक्षा १ देखि १० सम्म, कक्षा ११ र १२ का हकमा ऐच्छिक प्रथम र द्वितीय बाहेकका अनिवार्य विषयहरू),
   - ख) कक्षा ९ र १० का ऐच्छिक प्रथम र द्वितीय विषयको सेट लागत दररेट।

४. **प्राप्त भएका प्रस्तावहरू प्रस्ताव पेस गर्ने अन्तिम दिनको भोलिपल्ट बिहान ११ बजे सम्बन्धित प्रस्ताव दाताको रोहवरमा खोलिनेछ। तर संस्थाका प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्नेछैन।**

५. **प्रस्ताव पेस गर्ने अन्तिम दिन वा खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुल्ने दिनमा पेस गर्न र खोल्न सकिनेछ।**

६. **म्याद नाघी आएका र रीत नपुगेका प्रस्तावमाथि कुनै कारबाही गरिनेछैन।**

७. **प्रस्ताव दाताको आर्थिक प्रस्तावमा संस्थाले व्यहोर्ने लागत स्पष्ट रूपमा खुलाई पेस गर्नुपर्नेछ।**

८. **संस्थाले व्यहोर्ने लागत न्यूनतम ४० प्रतिशत हुनुपर्नेछ।**

९. **प्राविधिक तथा आर्थिक प्रस्तावमा संस्थाको आधिकारिक व्यक्तिको दस्तखत र संस्थाको छाप हुनुपर्नेछ।**

१०. **प्रस्ताव पेस गर्ने, खोल्ने, मूल्याङ्कन गर्ने तथा अन्य विषय ब्रेल पाठ्य पुस्तक छपाइ कार्यविधि तथा प्रचलित कानुन बमोजिम हुनेछ।**

## देशभरका सबै सामुदायिक विद्यालयहरूलाई जरुरी सूचना

सामुदायिक विद्यालयमा नेपाल सरकारबाट सःसर्त अनुदानका रूपमा प्राप्त बजेट खर्च गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम गर्नुपर्नेमा केही विद्यालयहरूले छात्रवृत्ति र दिवा खाजा शीर्षकमा प्राप्त भएको रकम विनियोजित शीर्षकभन्दा बाहिर गई निजी स्रोतका शिक्षकहरूको पारिश्रमिकमा खर्च गरेको भन्ने जानकारी प्राप्त हुन आएकोले यस विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको गम्भीर ध्यानाकर्षण भएको छ। छात्तवृत्ति, दिवा खाजा र निःशुल्क पाठ्यपुस्तक लगायतका विभिन्न शीर्षकमा खास प्रयोजनका लागि सःसर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण भई प्राप्त हुने रकम तोकिएको शीर्षकभन्दा बाहिर गई निजी स्रोतका शिक्षकहरूको तलबभत्ता लगायत अन्य शीर्षकमा भुक्तानी दिने कार्य प्रचलित कानुन र स्वीकृत आधार तथा मापदण्ड विपरीत हुनेहुँदा जुन शीर्षकमा रकम प्राप्त भएको हो सोही शीर्षकभन्दा बाहिर गई अन्य शीर्षकमा खर्च गर्ने तथा उक्त रकमबाट निजी स्रोतका शिक्षकहरूलाई तलबभत्ता खुवाउने कार्य नगर्नु नगराउनुहुन देशभरका सबै सामुदायिक विद्यालयहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

## सिकाइ सामग्री छपाइ तथा वितरण र एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम सम्बन्धमा

**श्री स्थानीय तह,**

**सवै (यसैसाथ संलग्न जिल्ला)।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ को विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गतको क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गतको उपक्रियाकलाप **कक्षा १–३ मा गणित तथा पढाइ क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण** गरी विद्यालयको नामनामेसी सहितको विवरण र क्रियाकलाप नं. २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण अन्तर्गत **एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड तालिम ५ दिन (अनलाइन समेत)** सम्पन्न गरी कष्टमाइज्ड तालिम प्राप्त गरेका विद्यालयको नाम र शिक्षक सङ्ख्या सहितको प्रतिवेदन यस केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखाको इमेल ठेगाना cehrdcu21@gmail.com मा उपलब्ध गराइदिनुहुन अनुरोध छ। साथै उक्त स्वध्याय सामग्रीहरूको e-copy पाठ्यक्रम विकास केन्द्रको web page https:www.moecdc.gov.np/en/text-books मा उपलब्ध छ।

**सम्पर्क नं.**: ९८४१६६९७७६, ९८४१५०३१८४

**तपसिलः**

**ताप्लेजुङ, भोजपुर, खोटाङ, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, भक्तपुर, रसुवा, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, रुपन्देही, कपिलवस्तु, रोल्पा, सल्यान, बाँके, बर्दिया, दैलेख, डोल्पा, जुम्ला, अछाम, डोटी र कञ्चनपुर जिल्लास्थित सबै पालिकाहरू।**

**साथै सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ, आवश्यक समन्वय गर्नुहुन।**

## सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धमा।

**श्री शिक्षा विकास तथा समन्वय एकाइ,**

**सबै।**

**श्री स्थानीय तह,**

**सबै।**

सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको व्यवस्थापन सम्बन्धमा श्री शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ६७ मिति २०८०/०५/२१ को पत्र साथ संलग्न नेपाल विद्यालय कर्मचारी परिषद्को अनुरोध भई आएको तथा समय समयमा विभिन्न सरोकारवाला व्यक्ति तथा निकायबाट सोधनी हुने गरेको हुँदा तपसिल अनुसारका ऐन, नियम, कार्यविधि एवं निर्णयमा उल्लेख भए अनुसार आवश्यकता, औचित्य र सम्बन्धित कर्मचारीको हित समेतलाई विचार गरी कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि अनुरोध छ :–

(१) शिक्षा नियमावली २०५९ को नियम १४४ ख को उपनियम (१), (२) र (३) मा व्यवस्था भए बमोजिम सामुदायिक विद्यालयका कर्मचारीको नियुक्ति गर्ने, गराउने व्यवस्था गर्नुहुन।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लिखित गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उपदफा (२ज) को खण्ड (११) मा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने विषय उल्लेख रहेको साथै सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद–४, को निकायगत भूमिका शीर्षक अन्तर्गत समायोजन एवं एकीकरण भएपछि बन्ने विद्यालयको भूमिका अन्तर्गत बुँदा नं. (१२) मा 'स्थानीय तहको निर्णयका आधारमा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने' भन्ने उल्लेख भएको हुँदा सोही अनुसार गर्न/गराउनुहुन।

(३) यस केन्द्रको च.नं. २४३, मिति २०७८/१२/२२ मा समायोजित कर्मचारीका बारेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/१२/२० को माननीय मन्त्री स्तरको निर्णय अनुसारको सबै शिक्षा विकास तथा समन्वय एकाइहरूलाई यस सम्बन्धमा परिपत्र गरिसकिएको छ। सो अनुसार समायोजित विद्यालयका कर्मचारीहरूको व्यवस्थापन गर्नुहुन।

## IEMIS मा प्रविष्ट विवरण सत्यापन गर्ने सम्बन्धी स्थानीय तहहरूलाई अनुरोध।

यस केन्द्रबाट विभिन्न मितिमा शैक्षिक सत्र २०८० को शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न सूचित गरिए अनुसार विद्यालयद्वारा अद्यावधिक गरिएका विवरणहरूमा विद्यार्थी सङ्ख्यामा दोहोरोपना रहेको, प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम (कक्षा) मा भर्ना भएका बालबालिकाको उमेर अस्वाभाविक देखिएको, अद्यावधिक गर्नुपर्ने सबै विवरण अद्यावधिक नगरेको लगायतका विद्यालय स्तरीय शैक्षिक तथ्याङ्कका सम्बन्धमा सामाजिक सञ्जालहरूमा आएका विषयप्रति यस केन्द्रको ध्यानाकर्षण भएको छ।

यस सन्दर्भमा, विद्यालयबाट अद्यावधिक गरिएका विवरणहरू सम्बन्धी स्थानीय तहगत प्रतिवेदन र School Report Card IEMIS बाट प्राप्त गरी उक्त प्रतिवेदनहरू अवलोकन गर्नु गराउनुहुनका साथै यसरी अवलोकन गर्दा प्रणालीमा सबै विवरण अद्यावधिक नगर्ने र अस्वाभाविक विवरण प्रविष्ट गर्ने विद्यालयहरू देखिएमा त्यस्ता विद्यालयहरूलाई पुनः विवरण अद्यावधिक गर्न लगाउनुहुन अनुरोध छ।

विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क अद्यावधिक/भर्ने जिम्मेवारी सम्बन्धित विद्यालयका प्रधानाध्यापकको हुने र यसमा भरिएका कुनै विवरण झुट्टा प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कारबाही हुने विषय प्रधानाध्यापकलाई जानकारी गराई यस्तो भएको पाइएमा प्रचलित कानुन अनुसार कारबाही गर्नु गराउनुहुन अनुरोध छ।

सबै शिक्षा विकास तथा समन्वय एकाइहरूले यसै सूचनालाई आधार मानी विद्यालयबाट अद्यावधिक गरिएका विवरणको सत्यापन कार्यमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्नुहुन समेत अनुरोध छ।

**पुनश्चः** यस विषयको कार्यान्वयनमा कुनै समस्या भएमा यस केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा (iemis@cehrd.gov.np) मा सम्पर्क गर्नुहुन अनुरोध छ।

## अपाङ्गताको प्रारम्भिक पहिचान (disability screening) सम्बन्धमा

**श्री स्थानीय तहहरू**

(**सोलुखुम्बु, सिन्धुली, दैलेख, डोटी, सुनसरी, सप्तरी, तनहुँ, पाल्पा र धादिङ जिल्लाका सबै**)।

यस केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका (PIM) २०८०/८१ को पृष्ठ सङ्ख्या ५५ को १५.८ अनुसार '**बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (disability screening) का लागि स्थानीय तह एवं विद्यालयका लागि कार्यक्रम**' शीर्षकमा सघन रूपमा कार्यक्रम कार्यान्वयन गर्न छनोट भएका स्थानीय तहले विद्यालयका IEMIS सम्बन्धी काम गर्ने जनशक्तिलाई क्षमता विकास तालिम सञ्चालन भइसकेका स्थानीय तहले PIM अनुसार ख, ग, घ र ङ मा उल्लिखित कार्य सम्पन्न गर्न/गराउन यो सूचना जारी गरिएको छ।

## पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरको सूचना।

## थप पाठ्यसामग्री मूल्याङ्कन सम्बन्धी

शिक्षा नियमावली २०५९ को परिच्छेद ७ को नियम ३५ बमोजिम विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृति लिनुपर्ने प्रावधान रहेकाले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका २०७९ को दफा २५ अनुसार शैक्षिक सत्र २०८१ देखि लागू हुने विद्यालय तह (कक्षा ११ र १२) को थप पाठ्यसामग्री स्वीकृत गर्न चाहने प्रकाशक तथा लेखकहरूले २०८० फाल्गुण मसान्तभित्र स्वीकृतिका लागि सामग्री सहित आवश्यक कागजातहरू यस केन्द्रमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै सो सम्बन्धी विस्तृत जानकारी यस केन्द्रको वेबसाइट **www.moecdc.gov.np** मा हेर्नुहुन अनुरोध छ।

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १०, ९, ८ र ७ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट र कक्षा ६, ५, ४, ३, २, १ र १० का श्रव्यदृश्य पाठहरू अपरान्ह ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म २ घन्टा ३० मिनेट शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको **NTV+** च्यानलबाट प्रसारण गरिँदै आइएको छ। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel: **www.youtube.com/ncedvirtual** बाट पनि आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

## श्रव्य पाठ प्रसारण सम्बन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा ९ का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ देखि ५:४५ बजेसम्म र कक्षा ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। प्रसारित उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज **www.facebook.com/radiodistance** मा पनि सुन्न सकिनेछ।